# ढकारी गाउँपालिकाको १५ औं गाउँसभाको वर्षे अधिवेशनमा पेश भएको

# ढकारी गाउँपालिकाको आ.व. २०८२।०८३ को

# नीति तथा कार्यक्रम

प्रस्तोताः प्रकाश बहादुर साउद

(अध्यक्ष)

मितिः २०८२।०३।०३ गते, मंगलबार

ढकारी गाउँपालिका

ढकारी गाउँ कार्यपालिकाको कार्यालय

ढकारी, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

ढकारी गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशन समारोहमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू, सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारी ज्युहरु।

नेपालको संविधान मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिक रुपमा संरचना निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केही वर्ष देखि विभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्यासँग जुधिरहेको छ । यसवाट सङ्घीय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले सङ्घ र प्रदेशबाट पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस स्थानीय तहको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागि सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै समृद्ध पालिका निर्माण गर्ने विश्वास लिएको छु ।

यस महत्वपूर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका वलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण ढकारी गाउँपालिकावासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति,  वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, मध्यमकालीन खर्च योजना, ढकारी गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, बस्ती टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, लगायत सरोकारवालाहरुसँग छलफल, सामाजिक सञ्जाल र अन्तरक्रियाद्वारा प्राप्त सुझावहरुलाई समेत आधार मानी तयार गरिएको छ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

आदरणीय सभाका सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन सोच तथा १५ औं योजनाले लिएका राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ ढकारी गाउँपालिकाले लिएको "स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार ढकारीका बलिया आधार" को नारालाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र सिथिल अर्थतन्त्रलाई गतिशील बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिइएको छ ।

**१. सामाजिक विकास तथा संस्कृति सम्बन्धी नीतिः**

क) स्वास्थ्य सम्बन्धी नीतिहरुः

ढकारी गाउँपालिकाको विशिष्टिकृत तथा स्वास्थ्य सेवा सम्बन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै ढकारी गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति तथा कार्यक्रम अवलम्बन गरेको छ ।

- ढकारी गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुका साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउँदै रक्षात्मक र प्रवर्धनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरी प्रभावकारी रुपमा बस्ति र घरधुरी सम्म स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।
- स्वास्थ्य सेवाको पहुँच र उपभोगमा वृद्धि गर्न सार्वजनिक,सामुदायिक तथा आवश्यकता अनुसार निजी क्षेत्रसँग साझेदारी गरिनेछ।
- नागरिक आरोग्य केन्द्र तथा ढकारी आँखा उपचार केन्द्रबाट प्रदान गरिने सेवाहरुलाई थप व्यवस्थित,मजबुत र गुणस्तरीय बनाईनेछ।
- सबै स्वास्थ्य संस्था,स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्याङ्कलाई वैज्ञानिक ढंगबाट व्यवस्थित गर्न आवश्यकता अनुसार तालिमको र स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै अनलाईन रेकर्डिङ्क र रिपोर्टिङ्गलाई थप व्यवस्थित गरिनेछ।
- यस ढकारी गाउँपालिकाको केन्द्रमा निर्माणाधिन १० शैयाको अस्पतालको छिटोछरितो काम सञ्चालनका लागि बहुपक्षिय सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेरछ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

- ढकारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण लक्षित उमेरका बालबालिकालाई पूर्ण खोपको सुनिश्चितता गरी पूर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सबै सेवाहरु दिगो विकास लक्ष्यको अवधारणा अनुसार क्रमश लक्षित कार्यक्रमहरुलाई सुधार गर्दै लगिनेछ।
- गाउँघर क्लिनिक र खोप क्लिनिकका भवनहरु क्रमशः निर्माण गरिनेछन।
- गर्भवतिसँग उपाध्यक्ष पोषण कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्यकर्मीहरुको फिल्ड भत्ता साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात खर्चको सुनिश्चितता गरिनेछ।
- स्वास्थ्यकर्मीहरुलाई पेशामा उत्साही तथा प्रोत्साहनका लागि नेपाल सरकारले तोकेको तलब स्केलको लागि आवश्यक पहल गरिनेछ।
- कम्तिमा १ पटक पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- सञ्चालित स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टरहरुको आवश्यतानुसार मर्मत सम्भार गरिनेछ।
- आवश्यकताको पहिचान गरी प्लासेन्टा पिट र सुरक्षित खानेपानीको निर्माण गरिनेछ।
- भैपरी आउने महामारी तथा आकस्मिक रोग नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- किटजन्य रोग नियन्त्रणका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।
- ढकारी गाउँपालिका वडा नं. २ अन्तर्गतको बर्थिङ्ग केन्द्रलाई सञ्चालनमा ल्याउन आवश्यक बजेट तथा औजार उपकरणको लागि पहल गरिने छ।
- गर्भवति तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिने छ ।
- सुत्केरी महिलाहरुलाई हातको हात यातायात खर्च दिने व्यवस्थाका लागि स्वास्थ्य संस्थाहरुलाई अनुदान रकम उपलब्ध गराउनका लागि आवश्यक समन्वय तथा पहल गरिने छ ।

ख) <u>शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीतिहरुः</u>

- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार गरी विद्यालयहरु लाई पूर्वाधार सम्पन्न बनाउँदै लगिने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न नियमित अनुगमन तथा पेशागत सहयोग प्रदान गरिने छ।
- बालविकास शिक्षकको कार्य सम्पादनमा दक्षता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- पूर्वाधार जीर्ण भएका बालविकास केन्द्रहरुको पूर्वाधार निर्माण गरी बालविकास केन्द्रलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ का नीति तथा कार्यक्रम

- गाउँपालिकाले सञ्चालन गर्दै आएको उपलब्धी परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई समायानुकुल सुधार गरी थप व्यवस्थित गरिने छ।
- विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगमा जोड दिइने छ।
- विद्यालय बाहिर रहेका बालवालिकाहरुको खोजी गरी विद्यालयमा भर्ना गराई टिकाउका कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यार्थीको सिकाइ क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।
- सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापनको लागि उपयुक्त मोडल पहिल्याइ कार्यान्वयन गरिने छ।
- वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न शाखाहरुसँग आवश्यक समन्वय गरी शिक्षालाई बालवालिकाको सरसफाइ र पोषणसँग जोड्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँपालिका भित्रका विद्यालयको कार्यक्रममा एकरुपता कायम गर्न शैक्षिक पात्रो निर्माण गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गर्न लगाइने छ ।
- ढकारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम सञ्चालन गर्न गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरिनेछ र खेलकुद विकास समितिलाई निरन्तरता दिइने छ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापनका लागि स्थानीय पाठ्यक्रमका आधारमा कक्षा ४ देखि ८ सम्म स्थानीय पाठ्यपुस्तकको निर्माण गरी कार्यान्वयन गरिने छ।
- गाउँपालिका भित्रको समग्र शैक्षिक क्षेत्रको विवरणहरु अद्यावधिक गरी प्रकाशन गरिने छ।
- सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालयको IEMIS Focal Person को क्षमता विकासका लागि ICT तालिमको व्यवस्था गरिने छ।
- शैक्षिक सुधारको लागि प्रधानाध्यापकसँग करार सम्झौता गरिने छ।
- शैक्षिक गुणस्तर सुधारका लागि वि.व्य.स, शिक्षक र अभिभावकसँग अन्तरक्रिया सञ्चालन गरिने छ।
- शिक्षकको क्षमता विकासका लागि Need base कष्टमाइज्ड तालिम सञ्चालन गरिने छ।
- डाक्टर, ईन्जिनियर,चार्टर एकाउन्टेन्ट पढ्ने विद्यार्थीहरुका लागि विशेष छात्रवृत्ति उपलब्ध गराइने छ।
- गाउँपालिका स्तरमा रहेका सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित बनाउन आवश्यक निर्णय लिईने छ ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

- राष्ट्रपति पालिका स्तरीय खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने गाउँपालिकाका खेलाडीहरुलाई विशेष सम्मान सहित प्रोत्साहन गरिने छ।
- सामुदायिक विद्यालयमा खेल मैदान निर्माण एवम्  स्तरोन्नतिलाई निरन्तरता दिइने छ।
- सामुदायिक विद्यालयहरुमा अनुगमन गरी आवश्यकता अनुसार भवन,खानेपानी तथा शौचालय निर्माण र मर्मत गरिने छ।
- एक वडा एक खेलकुद मैदान क्रमशः निर्माण गर्दै लगिने छ।
- उत्कृष्ट कार्य गर्ने व्यवस्थापन समिति र शिक्षकलाई पुरस्कृत गरिने छ।
- उत्कृष्ट नतिजा ल्याउने कक्षा ८,१० र १२ का विद्यार्थीलाई सम्मान एवम् पुरस्कृत गरिने छ।
- प्रधानाध्यापकहरुको घुम्ति बैठकहरुको आयोजना गर्दै राम्रा अभ्यासहरुको अनुकरण गरिने छ।
- अनुगमन गरी आवश्यकताको आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरिने छ।
- आर्थिक रुपले विपन्न, अनाथ, टुहुरा र अपाङ्ग बालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई विशेष सहुलियत सहित गुणस्तरीय शिक्षा प्रदान गरिने छ ।
- विद्यालयमा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी पढ्दै कमाउदै कार्यक्रमलाई साझेदारीमा कार्यान्वयन गरिने छ।
- प्रजनन् उमेरका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।
- बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र संवेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ । साथै महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदि समेतमा बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ।
- पोषण सुधारका लागि बिपन्न समुदायका महिला समूहहरुलाई बिपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न कार्यक्रम सञ्चालन गरिनेछ।
- ६महिना देखि ५९ महिनासम्मका बालबालिकाहरुलाई पोषण स्कृनिङ्ग क्याम्प सञ्चालन गरिनेछ।
- शिक्षाः आधारभूत तथा माध्यामिक शिक्षामा सबै बालबालिकाको पहुँच अभिवृद्धि गर्न आवश्यक पहल गरिनेछ । EMIS र कक्षागत भर्ना र हाजिरीलाई व्यवस्थित बनाइ विद्यालयमा विद्यार्थीको कक्षा छोड्ने दरलाई न्यूनीकरण गरिनेछ ।

**ग) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीतिः**

- महिलाको आर्थिक, सामाजिक, राजनीतिक र विकासात्मक क्षेत्रमा अर्थपूर्ण सहभागिता गराई समावेशीकरण तथा मूलप्रवाहिकरण गरी सशक्तीकरण गर्दै दीगो विकासका लक्ष्य हासिल गरिनेछ ।

- असहाय एकल महिलालाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्वी बनाइनेछ ।
- लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरितिहरु न्यूनीकरण गरि सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति दिलाइनेछ ।
- जनजाती तथा दलित समुदायको विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिनेछ ।
- बालबालिकासँग सम्बन्धित विभिन्न बाल सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी बाल अधिकार संरक्षण र संवर्धन गरिनेछ ।
- विपन्न, सीमान्तकृत, एकल, दलित र पिछडिएका जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण गरिनेछ ।
- विशेष क्षमता भएका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोष तथा बाल कोषलाई निरन्तरता दिइनेछ ।
- लक्षित समूहको एकिकृत तथ्यांक संकलन गरी उनीहरुको पहिचान, अर्थपूर्ण सहभागिता र विकासका लाभको समन्यायिक वितरण गरिनेछ ।
- ढकारी गाउँपालिकालाई लैंगिक मैत्री, बालमैत्री तथा बालश्रममूक्त बनाउनका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण गर्दै सामाजिक न्याय स्थापना गर्नका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिनेछ ।
- एकल महिला कोष स्थापना गरी सञ्चालन गरिनेछ ।
- टोल विकास संस्था वा सामयुदायिक संस्था (आमा समूह, महिला समूह जस्ता) परिचालन गरी घरेलु हिंसा अन्त्य गर्नका लागि वहस पैरवी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालश्रम, बाल विवाह, बोक्सी तथा छाउपडी प्रथा जस्ता कूप्रथाहरु नियन्त्रणका लागि आवश्यक सामाजिक परिचालनका कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट परीक्षण (GESI Audit) कार्यान्वयन गरिनेछ ।
- न्यायिक समिति, स्थानीय प्रहरी र मेलमिलाप केन्द्रहरुमा आउने महिला विरुद्ध हुने घरेलु हिंसा सम्बन्धी उजुरी किताबको व्यवस्था गरी तुलनात्मक प्रतिवेदन निर्माण गरी हिंसा न्यूनीकरणमा जोड दिईनेछ ।

ढकारी गाउँपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

- महिला, दलित, अपांगता भएका व्यक्तिहरुको नेतृत्व विकासका लागि स्थानीय उपभोक्ता समितिहरुमा नेतृत्वमा जोड दिदैं यस्ता समितिहरुको लगत संकलन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक उत्थानका लागि विशेष कार्यक्रम निर्माण गरी लागू गरिनेछ ।
- छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक भेदभावका घटनाहरुमा शुन्य सहनशीलता कायम गरी स्थानीय सहभागितामा जोड दिइनेछ ।
- स्थानीय स्तरमा गठन हुने समिति, उप-समितिहरु,कार्यदलको गठन गर्दा पूर्णरुपमा कानूनद्वारा निर्दिष्ट गरेको समानुपातिक समावेशीता कायम गरी निर्णय प्रक्रियामा सहभागि गराउन आवश्यक व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा तथा संरक्षणका लागि बालबालिका पुनःस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, असक्त स्याहार केन्द्र सञ्चालनका लागि सबै तह र पक्षसँग समन्वय गरिनेछ ।

**घ) सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीतिः**

- साउन १ गते देखि भाद्र मसान्तसम्म सम्पूर्ण वडा कार्यालय तथा टोलहरुमा जनप्रतिनिधि र सेवा ईकाइ तथा वडा कार्यालयका कर्मचारीहरुद्वारा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गरिनेछ ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि प्रत्येक त्रैमासिकमा लाभग्राहीहरुको बैंक खातामा EFT मार्फत सामाजिक सुरक्षा भत्ता रकम जम्मा भए पश्चात् बैंकसँग समन्वय गरी जनप्रतिनिधि, बैंकका कर्मचारी, सेवा ईकाइका कर्मचारी, वडा कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीहरुको सहित प्रत्येक वडाको सबै लाभग्राहीहरुलाई पायक पर्ने कम्तीमा २ वटास्थान/टोलहरुमा गई सम्बन्धित लाभग्राहीहरुलाई भत्ता रकम वितरण गरिनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आ.व. २०८१/८२ बाट देशका ७५३ वटै स्थानीय तहहरुमा सामाजिक सुरक्षा भत्ता नयाँ दर्ता तथा नवीकरणको लागि वायोमेट्रिक स्क्यानर डिभाइस लागू गर्ने निर्णय गरे अनुसार ४ वटा अपुग बायोमेट्रिक स्क्यानर डिभाइस तथा १० वटा आईरिस स्क्यानर खरिद गरिनेछ ।
- घटना घटेको ३५ दिन भित्र दर्ता गराई, घटना दर्ता दर शतप्रतिशत पुर्याउन पालिकाको ८ वटै वडाहरुमा बैसाख १-७ गते सम्म घटना दर्ता सप्ताह मनाइनेछ ।
- गाउँपालिकालाई थप प्रविधिमैत्री तथा व्यक्तिगत घटना दर्तालाई थप चुस्त बनाउन पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा जन्म प्रमाण पत्र प्रणाली (Birth Registration System-BRS) लागू गर्न आवश्यक सामग्री खरिद गरिनेछ ।

दमाकी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई समयसापेक्ष एवम् प्रभावकारी बनाउन जनप्रतिनिधि तथा वडाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी भएका नीतिगत तथा व्यवहारिक पक्षहरुका बारेमा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी भए गरेका कामहरुको समीक्षा गरी सो कार्यलाई थप प्रभावकारी तथा सेवाग्राहीमुखी बनाउन प्रत्येक त्रैमासिकको अन्त्यमा वडागत रुपमा समीक्षा कार्यक्रम गरिनेछ ।
- सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी सम्पूर्ण कामकाजहरु सम्पन्न गर्न सेवा ईकाइलाई आवश्यक पर्ने मसलन्द सामग्री खरीद गरिनेछ ।

ङ) <u>न्यायिक समिति सम्बन्धी नीतिः</u>

- गैर सरकारी संस्थासँगको सहकार्यमा समुदाय स्तरमा कानूनी सचेतना सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- तालिम प्राप्त मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै विवाद निरुपण गर्ने नमुना मेलमिलाप केन्द्रहरु स्थापनामा जोड दिइने छ ।
- सामुदायिक स्तरमा हुने घरेलु हिंसा, तथा नागरिक अधिकार प्रति सचेतना अभिवृद्धि गर्न पाइलट प्रोग्रामका रुपमा वडास्तरमा सचेतना कक्षा सञ्चालन गरिनेछ ।
- स्थानीय विवाद् समाधानका लागि नवीनतम् अभ्यासहरुको विषयमा अनुगमन, अध्ययन, अवलोकन एवम् अनुभव आदानप्रदानको लागि अन्तर स्थानीय तह भ्रमण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँघरमा हुने विवादलाई निरुपण गर्ने प्रमुख अंगको रुपमा मेलमिलाप केन्द्र एवम् न्यायिक समितिलाई क्षमतावान तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
- जिल्ला अन्तर्गत रहेका स्थानीय न्यायिक समितिहरुसँग अनुभव आदानप्रदान गर्न अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा कानूनी सचेतना अभिवृद्धि गर्न कानूनी कक्षाहरु सञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

च) संस्कृति सम्बन्धी नीतिः

- स्थानीय मौलिक संस्कृतिको विकास, संरक्षण र प्रवर्धनका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- पञ्चेबाजा, देउडा, भूओ नाच, हुड्के नाच, धमारी, झोडा, होरी लगायतका परम्परागत सांस्कृतिक निधीहरुलाई प्रचारप्रसार, संरक्षण र प्रवर्धन गरिनेछ ।
- स्थानीय स्तरमा सञ्चालन हुने मेला, पर्व, उत्सवहरुलाई व्यवस्थित र सभ्य बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

- सांस्कृतिक एवम् साहित्यिक उत्सव सञ्चालन गरी आन्तरिक पर्यटन प्रबर्धन गरिनेछ ।
- गाउँपालिकाको सामाजिक, सांस्कृतिक एवम् धार्मिक पक्ष झल्किने गरी डकुमेन्ट्रि निर्माण गरिनेछ ।

**२) आर्थिक विकास सम्बन्धी नीतिः**

**क) कृषि विकास तथा पशुपन्छी विकास सम्बन्धी नीतिः**

- कृषि र पशुः कृषि र पशु सेवा केन्द्रलाई प्रभावकारी बनाउन जनशक्ति र माग अनुसारको सेवा र प्रविधि परिपूर्ति गरिनेछ । स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरण गर्न आवश्यक नीति निर्माण गरी उत्पादनलाई बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- खाद्य सुरक्षालाई मध्येनजर गरी निजी स्वामित्वमा रहेको बाँझो जमिनमा व्यवसायिक फलफुल तथा तरकारी खेति उत्पादनको मापदण्ड निर्धारण गरी कृषकलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषिजन्य उत्पादनमा आधुनिक प्रविधि प्रयोगमा ल्याई व्यवसायिक कृषिलाई प्राथमिकता दिदैं उत्पादनमा वृद्धि  गरी आत्मनिर्भर बनाउदैं लगिने छ ।
- उपयुक्त वडाको छनौट गरी एक घर दश मौरी घार नीति अवलम्वन गरिनेछ र मौरी चरिचरनका लागि  घर वरपर फूलजन्य विरुवा रोप्न प्रेरित गरिनेछ ।
- फलफुल बालीको क्षेत्र विकास गरी बजारीकरणको लागि विशेष पहल गरिनेछ ।
- एक गाउँ एक कृषि तथा पशु प्राविधिकको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- विभिन्न बालिको बिउमा आत्मनिर्भर बनाउन समूह र सहकारी संस्थाको समन्वयमा बिउ उत्पादन कार्यक्रम अगाडी बढाउन पहल गरिने छ।
- उत्पादन क्षेत्र निर्धारण गर्न जातिय छनौटका लागि उत्पादन प्रविधि कार्यक्रम सञ्चालन गरिने छ।
- "युवाको सहभागिता, सीप र दक्षतामा आधारित " कार्यक्रम सञ्चालन गरी युवालाई उद्यमसील बनाउन तालिम तथा अभिमुखिकरण गोष्टी मार्फत क्षमता विकास गरी निजी तथा सामुहिक लगानीमा कृषि उत्पादन गर्न कृषि अनुदानको व्यवस्था गरिनेछ ।
- कृषिमा आधुनिकीकरण गर्न समय र श्रमको बचत गर्न कृषि मेसनरी सामाग्री खरिद गरी कृषकलाई वितरण गरिनेछ ।
- कृषक समूह र सहकारीसँग समन्वय गरेर व्यवसायिक उत्पादन कार्यक्रम अगाडी बढाइने छ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक सम्भाव्यताको अध्ययन गरिने छ ।
- मानव स्वास्थ्यलाई मध्येनजर गरी कृषि उत्पादनमा  विषादीको प्रयोगलाई न्यूनीकरण गर्न तरकारी र फलफूलमा विषादी परीक्षण कार्य अगाडी बढाइने छ ।
- शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वयमा अध्ययन गरी सामुदायिक विद्यालयहरुमा पढ्ने विद्यार्थीहरुको लागि पढ्दै कमाउदै कार्यक्रम अगाडी बढाइने छ ।
- रैथाने बाली विकासको लागि कृषकसँग समन्वय गरी वृहत उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्य बालीको  उत्पादन बृद्धि गर्न एक वडा एक उत्पादन कार्यलाई अगाडी बढाइने छ ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

- कृषि अनुसन्धान केन्द्रसँग समन्वय गरी उत्कृष्ठ कृषि कार्य भएका स्थानीय तहहरुमा अध्ययन, अवलोकन, अनुभव आदान प्रदान गर्न कृषि भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छी तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र निर्धारण गरी पशुपन्छी पालनलाई व्यवसायिक रुपमा अगाडि बढाइनेछ ।
- ढकारी गाँउपालिका भित्रका कृषकले पालेका पशुपन्छीको तथ्यांक संकलन कार्यलाई अगाडी बढाई पशुपन्छी बिमा कर्यक्रम लागू गरिने छ।
- पशुपन्छी पालक कृषकलाई व्यवसायिक बनाउदै आर्थिक स्थिति सुधार गर्न दुध, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर हुनका लागि व्यवसायिक बाख्रा, भैंसी, गाई, कुखुरा र बँगुर सहित मत्स्यपालन गरी कृषि रोजगार प्रवर्द्धनका लागि मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउपालिका भित्रका पशुपन्छी पालक कृषकका पशुपन्छीमा देखिने आकस्मिक रोग लगायत विभिन्न रोगको निःशुल्क उपचार सेवा विस्तार गर्दै घुम्ती शिविर सञ्चालन गरी पशु सेवा शाखामा आधारभूत प्रयोगशाला निर्माण कार्यक्रम अगाडी बढाईने छ ।
- स्थानीय बजारमा सञ्चालनमा रहेका दुध डेरी र मासु पसलहरु गुणस्तरीय बनाई पशु आहाराका लागि डाले तथा भुई घाँसको बिउ बेर्ना उत्पादन गर्न नर्सरी तथा स्रोत केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ।
- उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- पशुपन्छी आदिबाट मानव समुदायमा संक्रमण हुने महामारीजन्य रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपन्छीजन्य वस्तुको उत्पादन वृद्धि गर्न पशुपन्छीको नश्लसुधार गरी कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ।
- स्थानीय जातको गाई (अछामी नौमुठे) पालन गर्नका लागि स्रोत संरक्षण गरी गाई पालक कृषकलाई अनुदान कार्यक्रमका लागि आवश्यक कार्य गरिनेछ।
- एक वडा एक नमुना पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरी गाँउपालिका स्तरमा पशुपन्छी पालन नश्लस्रोत केन्द्र स्थापना गरिनेछ।
- सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय गरी बाख्रा, कुखुरा, राँगो, बोका, माछा, बंगुर वितरण गरिनेछ।
- सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय गरी गोठ/खोर सुधार कार्यक्रम अगाडी बढाईनेछ।
- पशुसेवा शाखाबाट दिइने सेवालाई थप गुणस्तरीय र विस्तारित गरिनेछ ।
- भैंसी निकासी पैठारीलाई गरिएको प्रतिबन्धलाई निरन्तरता दिइनेछ।
- विपन्न एकल महिला लक्षित बाख्रापालनका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

ख) <u>सहकारी सम्बन्धी नीतिः</u>

- गाउँपालिका भित्र दर्ता हुन चाहने सहकारी संस्थाहरुलाई पूर्व सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

ढकारी गाउँपालिका आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

- मौजुदा सहकारी संस्था, निजी क्षेत्र एवम् गैर सरकारी क्षेत्रसँगको साझेदारीमा सहकारीको उन्नयन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमन प्रवर्धनका लागि तालिम, गोष्ठी तथा अनुभव आदानप्रदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापनका लागि COPOMIS मा आवद्ध गराइनेछ ।
- सहकारी संस्थाहरुमार्फत कृषिजन्य उत्पादनको बजारीकरणमा जोड दिइनेछ ।

ग) लघु उद्यम सम्बन्धी नीतिः

- ईच्छुक बेरोजगार युवाहरुलाई स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

- सफलतम् उद्यमीहरुसँग अन्तरक्रिया सञ्चालन गरी उद्यमशील बन्न ईच्छुक व्यक्तिहरुलाई उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्यम सञ्चालन गर्न चाहाने नागरिकहरुलाई अनुदान प्रदान गरिनेछ ।
- कुटानी पिसानी मिलहरु कृषक समूहहरुको मातहतमा रहने गरी सञ्चालन गर्न न्यूनतम् अनुदान प्रदान गरिनेछ ।
- गैर सरकारी संस्थाहरुसँग समन्वय गरी स्थानीय स्तरमै उद्यमशीलता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ढकारी गाउँपालिकाको स्वामीत्वमा रहेको चिउरी मिललाई व्यवस्थित गर्दै साबुन उत्पादन गरी सञ्चालनमा ल्याइनेछ ।
- सङ्घीय र प्रदेश सरकार मातहतका कार्यालयहरुसँग समन्वय र सहकार्य गरी ग्राम उद्योग स्थापना र सीपमूलक तालिम सञ्चालन गरिनेछ ।
- विगतमा गाउँपालिकाले प्रदान गरेका सीपमूलक तालिमहरु सिलाई कटाइ, होजियारी, घरेलु अचार बनाउने, चाउमिन बनाउने, हाउस वायरिङ्ग, बाँसबाट बन्ने सामग्री निर्माण सम्बन्धी तालिम, दुना टपरी बनाउने, कृषि सीप विकास तालिम लगायतका कार्यक्रमबाट सीपयुक्त भएका जनशक्तिहरुलाई उद्यमी बन्न सहयोग पुग्ने गरी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा सञ्चालनमा रहेका उद्योगहरुको लगत संकलन गरी उत्पादन र वितरणका आयामहरुलाई अध्ययन गरी अद्यावधिक तथ्याङ्क संकलनमा जोड दिईनेछ ।

३) **सुशासन, सार्वजनिक सेवा तथा संस्थागत विकास सम्बन्धी नीतिः**

क) **शासकीय प्रबन्ध सम्बन्धी नीतिः**

- नियमित रुपमा गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक सञ्चालन गर्दै बैठक प्रक्रिया थप व्यवस्थित बनाइने छ ।
- आन्तरिक नियन्त्रण प्रणाली मजबुत गर्न कार्यविधि निर्माण गरी लागू गरिनेछ ।
- अन्तर सरकार समन्वयलाई मजबुत बनाउन सो सम्बन्धी नीतिगत निर्णय गरी अन्तर तह राजस्व बाँड्फाँडलाई व्यवस्थित बनाइ समन्वय र साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- अन्तर स्थानीय तह सहकार्य र समन्वय गर्न सहलगानीमा कार्यक्रमहरु सञ्चालन गर्दै आवश्यकता अनुसार संयुक्त बैठक तथा छलफल आयोजना गरिने छ ।
- गाउँपालिकाको हित र सरोकारका विषयसँग सम्बन्धित छलफल गर्न छिमेकी स्थानीय तहसँग साझा सरोकार र हितका विषयमा छलफल गर्न संयुक्त समितिहरु गठन गरिने छ ।
- जिल्ला समन्वय समितिसँग समन्वय र सहकार्यलाई मजबुत बनाउदै प्राप्त पृष्ठपोषण, अनुगमन प्रतिवेदन तथा सुझावलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

ख) **सेवा प्रवाह सम्बन्धी नीतिः**

- गाउँकार्यपालिकाले नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्दै व्यवस्थापन परीक्षण, Exit Pole जस्ता विधिमार्फत नागरिक अभिमत लिई निर्णयहरु कार्यान्वयको प्रगति प्रतिवेदन प्रणालीलाई मजबुत बनाइने छ ।
- वडा कार्यालयहरुलाई व्यवस्थित बनाई वडा कार्यालयको भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- सेवा प्रवाहको स्तर मापन गर्न नागरिकबाट प्राप्त गुनासो वा उजुरीलाई गुनासो किताबको व्यवस्था गरिनुका साथै उपभोक्ता सर्भे, सार्वजनिक सुनुवाईको अभिलेख तयार गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्न आवश्यक कार्य गरिने छ । जसका लागि, टोकन प्रणाली, अनलाइन रजिष्ट्रेसन, कम्प्युटर विलिङ्ग एवम् सेवाहरुलाई अनलाईन वा सफ्टवेयरमा आधारित बनाइने छ ।
- कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । सोको समिक्षात्मक प्रतिवेदन अनिवार्य गरिनेछ ।
- प्रत्येक चौमासिकमा कम्तिमा एक पटक सार्वजनिक सुनुवाइ सञ्चालन गरी सोको अभिलेख पुस्तिका तयार गरिनेछ ।
- आवश्यकता अनुसार एकीकृत घुम्ति सेवाहरु सञ्चालन गरी सोको अभिलेखिकरण गरिनेछ ।

ग) **संगठन र प्रशासन सम्बन्धी नीतिः**

- कर्मचारी तथा पदाधिकारीको क्षमता विकास योजना तयार गरी क्षमता विकासका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

- प्रत्येक शाखा, वडा तथा स्वास्थ्य संस्थाले मासिक प्रगति प्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा छलफल गराउनुपर्ने व्यवस्था अनिवार्य गरिने छ ।साथै सङ्घीय र प्रदेश सरकारलाई पठाउनु पर्ने प्रतिवेदनहरुलाई व्यवस्थित गरिनेछ ।
- सबै शाखा, ईकाई तथा कार्यालयमा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी वस्तुनिष्ट कार्यान्वयन गरिनेछ ।
- कर्मचारीहरुको दरबन्दी एकिन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O &M Survey) गरी कार्यान्वन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिचको कार्यसम्पादन सम्झौतालाई थप यथार्थपरक एवम् वस्तुगत बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको वृत्ति र विकासका लागि कर्मचारी कल्याण कोष स्थापना गरिनेछ । र सो कोषमार्फत निवृत्तिभरण, उपदान, औषधोपचार खर्च,सहुलियत व्याजदररमा ऋण प्रदान जस्ता विषयमा खर्च गरिनेछ ।
- गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको वृत्ति र विकासका लागि सामाजिक सुरक्षा कोषमा सहभागि हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा अनिवार्य अनलाइन दर्ता/चलानी प्रणाली सञ्चालन गर्दै ई-हाजिरी व्यवस्थापन प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।
- माध्यामिक विद्यालयहरुमा ई-हाजिरी तथा ईन्टरनेट जडान गरी प्रविधि मैत्री कक्षाकोठा बनाउन आवश्यक कार्य गरिनेछ ।
- सबै वडा र गाउँपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी बनाइनेछ ।
- कार्यालयमा सबैले देख्ने गरी डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबाट हुने गतिविधिलाई कानून बमोजिम वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, डिजिटल बोर्ड आदिमार्फत जानकारी गराइनेछ ।
- आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामूलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ । एवम् गाउँपालिकावासीलाई अधिकतम सूचना दिने ध्ययका साथ टोल फ्रि नम्बर जडान गरिने छ ।
- आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर गाउँपालिका बनाउनतर्फ उन्मुख हुँदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ ।
- राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय सञ्चार माध्यामबाट व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ ।
- आन्तरिक राजस्वका स्रोत पहिचान गरी तिनलाई परिचालन गरिनेछ ।

- माध्यमिक विद्यालयहरुमा ई – हाजिरी र इन्टरनेट जडान गरिनुका साथै प्रयोगशाला नभएका विद्यालयहरुमा क्रमशः प्रयोगशाला स्थापना गर्दै लगिनेछ ।
- गाउँपालिकाको प्रशासकिय भवनका लागि Networking र सि सि क्यामराको व्यवस्था गरिनेछ ।
- ८ वटै वडाका सचिवहरु , स्वास्थ्य शाखा इन्चार्जहरु र माध्यमिक तहका प्र .अ र सूचना प्रविधि सम्पर्क व्यक्तिहरुलाई आई सिटि सम्बन्धी क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका हरेक क्रियाकलापहरुको भिडियो डकुमेन्ट्रिको व्यवस्था गरिनेछ ।
- सूचना प्रविधिसँग सम्बन्धित विविध कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ ।

**घ) वार्षिक बजेट तथा योजना व्यवस्थापन तथा राजश्व सम्बन्धी नीतिः**

- गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका गैर सरकारी संस्थाहरुसँग समन्वय बैठक गरी संस्थाका कार्यक्रमहरुलाई वार्षिक योजना तथा बजेट कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।
- आन्तरिक आयलाई वृद्धि गर्न राजश्वको सम्भाव्यता अध्ययनका लागि आवश्यक कार्य गरिनेछ ।
- वित्तीय सुशासन कायम गर्न अन्तिम लेखा परीक्षण मार्फत कुल लेखा परीक्षणको १% भन्दा कम बेरुजु रकम कायम गर्न आवश्यक कार्य गरिनेछ ।
- आय व्ययको वर्गिकरण तथा लेखाङ्कनका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोगलाई थप व्यवस्थित बनाइनेछ ।
- वार्षिक आय व्यय विवरण चौमासिक रुपमा वेव साइटमार्फत सार्वजनिक गरिनेछ ।
- कार्यालयमा हुने सार्वजनिक खरिद कार्यलाई व्यवस्थित बनाउन खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गरी पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- वार्षिक बजेटको कार्यान्वयनको अवस्थाको समिक्षा प्रत्येक चौमासिक रुपमा गरी प्रतिवेदन पद्धतिमा जोड दिइनेछ ।
- दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्न ठोस नीति तथा कार्ययोजना तयार गरी लागू गरिनेछ ।
- बजेट तथा कार्यक्रममा प्राथमिकताका क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण गरी कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

**३) भौतिक पूर्वाधार सम्बन्धी नीतिः**

- गाउँपालिकाको प्रशासकीय भवन आगामी १ वर्ष भित्र सञ्चालनमा ल्याइने व्यवस्था मिलाइने छ ।
- बर्साली-खोला पुल निर्माण कार्य सम्पन्नको लागि आवश्यक पहल गरिने छ ।
- बुढासैन खेल-मैदानलाई गाउँपालिका स्तरीय खेल मैदान बनाउन आवश्यक पहल गरिने छ ।
- बाटोमा पहिरो जान सक्ने ठाउँहरूमा तटबन्धन निर्माण कार्य गरिने छ ।

- दिगो सिंचाई सुविधा उपलब्ध गराउन  सिंचाई कुलोहरूलाई R.C.C. गरिने छ ।
- सबै वडाहरूका सार्वजनिक संस्था र सार्वजनिक स्थान (सडक, विद्यालय, स्वास्थ्य चौकी, मठ-मन्दिर, वडा कार्यलयहरू आदि) हरूमा सडक बत्तिको व्यवस्थाको लागि पहल गरिने छ ।
- गाउँपालिका स्तरीय दक्ष कामदारहरूलाई भूकम्प रहित घर निर्माणको लागि तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिकाबाट वडा कार्यलय जोड्ने बाटो नाला सहित ६ मिटरको ग्राभेल गर्न आवश्यक पहल गरिने छ ।
- यस पालिकामा पहिले बनि सकेका घरहरूको अभिलेखिकरणको व्यवस्था मिलाई,  नयाँ बन्ने घरहरूका नक्सा पासको लागी आवश्यक कार्यविधि निर्माण गरी नक्सा पासको व्यवस्था मिलाइने छ ।
- Climate Change  लाई अनुकूलन बनाउनको निम्ति धेरै जसो जोखिम ठाउँहरूमा Bio-Engineering प्रविधि अपनाइने   छ ।
- सरकारी,  अर्ध-सरकारी तथा गैर-सरकारी संघ सस्थाहरूसँग विकासको निर्माणका कार्यहरूमा आवश्यक समन्वय तथा सहकार्य गरिने छ ।
- पूर्वाधार विकास शाखामा आवश्यक सवारी साधन स्रोत व्यवस्थाको लागि पहल गरिने छ ।
- गाउँपालिका जोड्ने मुख्य सडक आगामी १ वर्ष भित्र कालो पत्रे (पक्की सडक)  गर्नका निम्ति आवश्यक पहल चालिने छ ।
- अमगाँउ लिफ्ट खानेपानी आयोजना निर्माण कार्यलाई आगामी आ.व. २०८२/०८३ मा निरन्तरता दिइने छ । साथै सबै वडाहरूमा लिफ्ट खानेपानी योजना निर्माण कार्य सञ्चालनका लागि पहल गरिने छ ।
- स्थानीय उद्योग सञ्चालनमा टेवा पुग्ने कार्यक्रमहरु अगाडी बढाइने छन्।
- पूर्वाधार विकास शाखा अन्तर्गतका प्राविधिक कर्मचारीहरुको क्षमता विकासका लागी आवश्यक तालिमको व्यवस्था गरिने छ ।
- पूर्वाधार विकास शाखा अन्तर्गतका प्राविधिक कर्मचारीहरुको फिल्ड सुविधा वृद्धि र तलब स्केलको लागि पहल गरिने छ ।
- सर्वे तथा प्राविधिक ल्याब स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइने  छ   ।
- आ.व. २०८२।८३ भित्रै प्रत्येक घरमा विद्युत सेवाको उपलब्धता सुनिश्चित गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिने छ ।
- रुज,थारम, बास्कोट, मुलडुफा, बड्डा डुफा, मैकाडाँडा, तिखान, चैनपुर, ज्ञानमन्दिर, बलाता,  भिमड, लोडेघाट सडक निर्माण तथा स्तरउन्नती गर्ने कार्यमा निरन्तरता दिन आवश्यक व्यवस्था गरिने छ ।
- ढकारी गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय महत्वका मठ-मन्दिर तथा क्षेत्रहरुको विकास, संरक्षण तथा प्रचार प्रसारणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- विद्यालय पूर्वाधार विकास तर्फ ढकारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा भवन अपुगको समस्या लाई समाधान गर्न तथा बालमैत्री धारा र शौचालय निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।
- तल्लो ठुलासैन देखि लोडेघाट सम्मको सडक निर्माण कार्य लाई निरन्तरता दिइने छ ।
- ढकारी गाउँपालिका  अन्तर्गत सम्पूर्ण वडा कार्यालयहरुको भवन निर्माणका लागि आवश्यक पहल गरिने  छ ।

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ का नीति तथा कार्यक्रम

- कर्मचारीहरूका लागि आवश्यक आवासीय भवन निर्माणको लागि पहल गरिने छ ।
- ढकारी गाउँपालिका वडा नं. १ स्थित सैनबजार- दलित टोल बण्डाली माडु सडक निर्माणका लागि पहल गरिनेछ ।
- सडकको क्षेत्राधिकार निर्धारण गर्नुका साथै सडक यातायात गुरुयोजना तयार गरी लागू गरिनेछ ।
- जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी कम्तीमा वर्षमा एउटा जग्गा एकीकरण वा जग्गा विकास वा बस्ती विकास वा सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याईने छ ।
- भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी सम्बन्धी नीति तर्जुमा गरी आयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा बाल मैत्री तथा अपाङ्गता मैत्री पूर्वाधार निर्माण गरी क्रमशः वडाहरुलाई बालमैत्री पूर्वाधार सम्पन्न वडाहरु घोषणा गर्दै लगिने छ ।
- निर्मित पूर्वाधारको दिगोपनाका लागि मर्मत सम्भार कोषको स्थापना गरी लाभग्राहीको योगदानलाई मध्येनजर गर्दै आवश्यक बजेट विनियोजन गरिनेछ ।
- प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरी पूर्वाधार निर्माण गरिनेछ ।
- राष्ट्रिय भवन संहिता र मापदण्ड अनुसार स्थानीय भवन संहिता र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय सडक विस्तारलाई निरन्तरता दिदैं विस्तारित सडकहरुको गत आ.व. सँगको तुलनात्मक प्रतिवेदन र समिक्षालाई वस्तुगत बनाइनेछ ।
- खानेपानीको समस्या समाधान गर्न गत आ.व. सँगको तुलनात्मक प्रतिवेदन तथा WASH PLAN को आधारमा मूल्याङ्कन गर्नुका साथै खानेपानीको समस्या रहेका घरधुरीको सर्वेक्षण गरी सो समस्याको समाधान गरिनेछ ।
- पूर्वाधार विकासमा हुने खर्चलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि स्पस्ट नीति निर्धारण गरी फोहोर विसर्जन केन्द्र बनाई एकीकृत फोहोर मैला व्यवस्थापनमा जोड दिईने छ ।
- एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाका लागि जग्गा एकीन गरी डि.पि.आर. सम्पन्न भईसकेकोमा सोको कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**४) विपद व्यवस्थापन सम्बन्धी नीतिः**

- गाउँपालिका अन्तर्गत हरेक वर्ष विपद्का घटनाबाट हुने क्षति न्यूनीकरण गर्न विपद् व्यवस्थापन योजना, विपद् व्यवस्थापन रणनीति र कार्ययोजना तर्जुमा गरी लागू गरिने छ ।
- विपद्का घटनाबाट जुझन सङ्घीय र प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी आपतकालीन कार्यसञ्चाचन केन्द्र स्थापना गरिनेछ ।
- विपद्का घटनाबाट पीडित नागरिकहरुलाई राहत तथा उद्दार गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरी अभिलेख प्रणालीलाई प्रभावकारी बनाइने छ ।साथै विपद प्रभावित नागरिकहरुको शीघ्र उद्धार र राहत प्रदान गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी लागू गरिनेछ ।



ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

- गाउँपालिका अन्तर्गतका विपद्को जोखिममा रहेका क्षेत्रको पहिचान गर्न विपद् नक्सा (Hazard Map) निर्माण गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाहरुमा विपद् व्यवस्थापनका लागि आवश्यक बजेट तर्जुमा गरिने छ । साथै सङ्घीय र प्रदेश सरकार एवम् निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रसँग समन्वय गरी दीर्घकालीन एक स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ ।
- विपदजन्य घटनाबाट क्षति भएका निजी आवास पुनःनिर्माण गर्न कानून बमोजिम लागत साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- माध्यामिक तहका विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि विपद् शिक्षा प्रदान गर्न आवश्यक कार्य गरिनेछ ।
- विपद्जन्य घटनाबाट हुने क्षतिसँग जुझ्न पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना कार्यलाई चुस्त बनाइने छ ।
- विपद्को बेला खोज तथा उद्दार गर्न युवाहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सबै टोलहरु एम्बुलेन्स सेवा सञ्चालन हुने गरी पूर्वाधार विकास गरिनेछ ।
- गाउँपालिका भित्रका सम्भावित खनिज स्रोतको पहिचान गरी उत्खननको सम्भाव्यता अध्ययन गरिनेछ ।

५) <u>वातावरण संरक्षण सम्बन्धी नीतिः</u>

- वातावरण मैत्री स्थानीय नीति निर्माण गरी लागू गरिनेछ ।
- सामुदायिक वनलाई गाउँपालिकामा दर्ता गर्ने प्रक्रिया अगाडि बढाइने छ ।
- वातावरणलाई स्वच्छता राख्न गाउँपालिकालाई वडागत रुपमा स्वच्छ वातावरण मैत्री बनाइ घोषणा गरिने छ ।यसका लागि फोहोरमैला व्यवस्थापन क्षेत्र निर्धारण गरिने छ ।
- BEE ,IEE स्वीकृत गर्ने सम्बन्धी स्थानीय कानून वा कार्यविधि निर्माण गरी लागू गरिनेछ ।
- सार्वजनिक क्षेत्र एवम् सामुदायिक वन क्षेत्रमा वृक्षारोपण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक समाज तथा निजी क्षेत्र र गैर सरकारी संस्थाको सहभागिता सुनिश्चित गर्न स्थानीय जनसहभागिता नीति तयार गरी लागत सहभागिता प्रवर्धन गरिनेछ ।
- टोल विकास संस्था तथा स्थानीय सामुदायिक संस्था गठन तथा सञ्चालन कार्यलाई प्रभावकारी बनाइ वातावरण संरक्षण र विपद् व्यवस्थापनमा क्रियाशील बनाइने छ ।
- ढकारी गाउँपालिका अन्तर्गत जलचर तथा जलीय जैविक विविधता संरक्षणका लागि आवश्यक कार्य गरिनेछ ।

६) <u>भूमि व्यवस्थापन सम्बन्धी नीतिः</u>

- ढकारी गाउँपालिका अन्तर्गतका सबै वडाको ट्रेस नक्सा उपलब्ध गराइनेछ ।
- भूमि शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- छुट जग्गा दर्तालाई नापजाँच गर्न पहल गरिनेछ ।

- अव्यवस्थित र भूमिहीन दलित सुकुम्बासीहरुलाई लालपूर्जा वितरण गर्न भूमि आयोगसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।
- सरकारी तथा सार्वजनिक भवन निर्माण भईसकेका तर जग्गा धनी पूर्जा प्राप्त नभएका कार्यालयलाई कानून बमोजिम जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

७) <u>रोजगार सम्बन्धी नीति:</u>

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित कार्यक्रम परिमार्जन भई राष्ट्रिय रोजगार कार्यक्रम भएको छ । राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत देहायका नीतिहरु लिइनेछ ।

- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुति गर्न पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ ।
- "आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं" स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।
- आ.व.०८२/०८३ मा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार श्रमिकलाई प्राथमिकताक्रमका आधारमा  रोजगारीमा खटाइने छ । बेरोजगार सूचीमा सूचीकृत श्रमिकहरुको ज्याला रकम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट सिलिङ अनुसार सम्बन्धित स्थानीय तहले शतप्रतिशत ज्याला रकम साझेदारी गर्नुपर्नेछ ।
- गाउँपालिकामा सञ्चालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलव्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारबाट नै लगाइने व्यवस्था गरिनेछ ।
- १ करोड भन्दा कम बजेटका योजनामा ह्यावी इक्युपमेण्टको प्रयोगमा पूर्णरुपमा रोक लगाई बेरोजगार सूचीमा सूचीकृत श्रमिकलाई काममा लगाइने व्यवस्था गरिनेछ ।
- रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य अघि बढाइनेछ ।
- बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएको कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

हकारी गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- श्रम सम्वन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक वित्तीय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकास्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार श्रमिकलाई परिचालन गर्न कूल बजेटको कम्तिमा २५ प्रतिशत रकम श्रमिकको ज्यालाको लागि छुट्याइनेछ ।
- भारत तथा वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पूँजी उपलव्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

**सभाका सदस्यज्यूहरु,**

अन्तमा, " स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, ढकारीका बलिया आधार" भन्ने मूल नारालाई स्थापित गर्न यो नीति तथा कार्यक्रमको यथेष्ट योगदान रहने कुरामा विश्वास व्यक्त गर्दछु । समुन्नत र समृद्ध गाउँपालिका निर्माणका लागि सरोकारवाला सम्पूर्ण गाउँपालिकाबासीलाई हातेमालो गरी दिन अनुरोध गर्दछु । साथै नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दलहरु, विकास साझेदारहरु, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, आम सञ्चार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैर सरकारी संस्थाहरुका साथै १५ औं गाउँसभाको बैठकमा सक्रिय सहभागिता जनाउनु भएका सम्पूर्ण जनप्रतिनिधिहरुलाई धन्यवाद व्यक्त गर्दछु । यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा यहाँहरुको अमूल्य साथ र सहयोगको अपेक्षा गर्दछु । आगामी दिनहरुमा यहाँहरुको साथ, सहयोग, सक्रियता, सुझाव र सहकार्यलाई यथावत राखि दिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !!

प्रकाश बहादुर साउद
अध्यक्ष
ढकारी गाउँपालिका
ढकारी, अछाम ।

**ईति संवत् २०८२ साल असार महिना ०३ गते रोज ३ शुभम् ।**

ढकारी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम